


वर्ष ४७ अङ्क ६ फागुन २०७९ फेब्रुवरी-मार्च २०२३

# मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक


आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको

अर्द्धवार्षिक समीक्षा

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

वालुवाटार, काठमाडौं

नेपाल राष्ट्र बैंकले आ.व.२०७९/८० को निम्ति जारी गरिएको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले २०७९ माघ २७ गते अर्धवार्षिक समीक्षा सार्वजनिक गरेको हो।

बाह्य क्षेत्रमा पर्नसक्ने दबाबको सम्भावना र औसत मुद्रास्फीति लक्ष्यभन्दा माथि रहेको विश्लेषण गर्दै बैंकले चालु वर्षको मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई निरन्तरता दिइएको जनाएको छ। ब्याजदर करिडोरअन्तर्गतका दरसँगै अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र स्थायी तरलता सुविधासम्बन्धी व्यवस्थालाई यथावत् राखिएको छ।

बैंक तथा वित्तीय संस्थालाई ८.५ प्रतिशतको बैंकदरमा उपलब्ध गराउँदै आइएको दैनिक तरलता सुविधाअन्तर्गतको ओभरनाइट तरलता सुविधालाई सात प्रतिशत कायम गरिने समीक्षामा उल्लेख छ। मौद्रिक नीतिमा लिइएका लक्ष्य तथा प्रक्षेपणलाई यथावत् राख्दै भुक्तानी प्रणालीमा कुनै व्यवधान आउन नदिने गरी तरलता व्यवस्थापन गरिने समीक्षामा जनाइएको छ।

अर्धवार्षिक समीक्षाअनुसार २०८० जेठ मसान्तसम्मको लागि ऋणीले भुक्तान गर्नुपर्ने कर्जाको साँवा/ब्याज दायित्व भाखा नाघेको एक महिनाभित्र भुक्तान गरेमा पेनाल ब्याज लिन नपाइने व्यवस्था गरिने समीक्षामा उल्लेख छ। केन्द्रीय बैंकले अर्धवार्षिक समीक्षामार्फत साना तथा मझौला उद्योग-व्यवसाय सञ्चालनलाई सहजीकरण गर्ने जनाएको छ। जसअनुसार वित्तीय संस्थाबाट प्रवाह भई २०७९ पुस मसान्तमा सक्रिय वर्गमा रहेको रु.दुई करोडसम्मको कर्जालाई उद्योग-व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी २०८० असार मसान्तभित्र पुनर्संरचना तथा पुनर्तालिकीकरण गर्न पाउने व्यवस्था मिलाइनेछ।

बैंक तथा वित्तीय संस्थाका कर्जाको गुणस्तरलाई थप सुदृढ बनाउन कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्थाअन्तर्गत निष्कृय वर्गमा वर्गीकृत भएका कर्जालाई नियमित हुनासाथ असल एवम् सूक्ष्म निगरानी वर्गमा वर्गीकृत गर्नेलगायतका व्यवस्थामा अन्तर्राष्ट्रिय असल अभ्याससमेतका आधारमा पुनरावलोकन गरिने समीक्षामा उल्लेख छ। बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने कर्जा र निक्षेपबीचको औसत ब्याजदर अन्तर तथा ऋणीबाट लिने प्रिमियमसम्बन्धी व्यवस्थाको अनुगमनलाई थप प्रभावकारी बनाइनेसमेत जनाइएको छ।

मौद्रिक नीतिको कार्यान्वयनबाट आन्तरिक तथा बाह्य क्षेत्र स्थायित्व सुदृढ भई आर्थिक गतिविधि सहज हुन सहयोग पुग्ने अपेक्षा बैंकले राखेको छ।

# प्रथम गभर्नर जबराको निधन






















नेपाल राष्ट्र बैंकका प्रथम गभर्नर हिमालय शमशेर जबराको ९५ वर्षको उमेरमा गत माघ २२ गते निधन भएको छ ।

काठमाडौंको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा उहाँको निधन भएको हो । २०१३ वैशाख १४ गते नेपाल राष्ट्र बैंकको स्थापना हुँदा उहाँले प्रथम गभर्नरको रूपमा केन्द्रीय बैंकको नेतृत्व गर्नुभएको थियो । जबरा २०१७ माघ २५ गतेसम्म राष्ट्र बैंकको गभर्नर हुनुहन्थ्यो ।

बैंक स्थापना हुनुपूर्व 'नेपाल राष्ट्र बैंक ऐन, २०१२' मस्यौदाको तर्जुमा उहाँकै नेतृत्वमा भएको थियो । त्यस अतिरिक्त नेपाली नोट चलनचल्तीमा ल्याउने, नेपाली मुद्रासँग विदेशी मुद्राको विनिमय दर कायम गर्ने, नेपालमा बैंकिङ प्रणालीको नीतिगत र संस्थागत पूर्वाधार तयार गर्ने सन्दर्भमा उहाँले अग्रणी भूमिका निर्वाह गर्नुभएको थियो ।

यसअघि राणाशासनको अन्त्य भई नेपाल नयाँ प्रजातान्त्रिक युगमा प्रवेश गरेको अवस्थामा २००७ सालदेखि उहाँले अर्थ सचिवको जिम्मेवारी बहन गर्नुभएको थियो । सो क्रममा जबराले बजेट सार्वजनिकीकरणको आधार निर्माण, राजस्व अभिवृद्धिका लागि भन्सार व्यवस्थापनको आधुनिकीकरण, राजस्व प्रशासनको सबलीकरण, आर्थिक एवम् वित्तीय अनुशासन र पारदर्शिताका लागि महालेखा परीक्षक कार्यालयको स्थापनालगायतका संरचना निर्माण गरी मुलुकको आर्थिक व्यवस्थापनका बलिया आधारहरू खडा गर्नमा अग्रणी भूमिका निर्वाह गर्नुभएको थियो ।

नेपालको वित्तीय क्षेत्रको दायरा विस्तार एवम् व्यापक बनाउने तथा औद्योगिक विस्तारका साथै नेपाली औद्योगिक क्षेत्रमा विदेशी लगानी भित्र्याउनसमेत उहाँको योगदान महत्वपूर्ण थियो ।

१९८४ पुस २४ गते जन्मनुभएका जबराले दरबार हाइस्कुलबाट आधारभूत शिक्षा हासिल गरी बम्बई युनिभर्सिटी, भारतबाट पोष्ट ग्राजुएट उपाधि हासिल गर्नुभएको थियो । जबराको निधनमा नेपाल राष्ट्र बैंकले माघ २२ गते बैंक परिसर बालुवाटारमा श्रद्धाञ्जलीसभा आयोजना गर्‍यो ।

सो अवसरमा गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर बमबहादुर मिश्रलगायत बैंकका उच्च अधिकारी र कर्मचारीहरूले स्वर्गीय जबराप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । कार्यक्रममा गभर्नर अधिकारीले जबराको योगदान नेपालको आर्थिक, मौद्रिक र बैंकिङ इतिहासमा स्वर्ण अक्षरले लेखिने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "नेपाली अर्थतन्त्रको विकासका निम्ति नीतिगत, संरचनागत एवम् व्यवस्थापकीय पूर्वाधारका कुशल निर्माता जबराको निधनबाट नेपाल राष्ट्र बैंकले एक कुशल अभिभावक, देशले एक कुशल अर्थविद् तथा नेपालको वित्तीय क्षेत्रले एक कुशल मार्गदर्शक गुमाएको हामीले अनुभव गरेका छौं ।"

साथै, नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरूमा पनि प्रथम गभर्नर जबराको सम्झनामा श्रद्धाञ्जलीसभा आयोजना गरिएको थियो । *नेपाल राष्ट्र बैंक समाचार* स्वर्गीय जबराप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै शोकसन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

# एकीकृत निर्देशन, २०७८ मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७८' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले माघ २६ गते एक परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न सम्बद्ध बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । संशोधित व्यवस्थामा कर्जा असुलीको लागि सार्वजनिक सूचना प्रकाशित गर्दा प्राकृतिक व्यक्तिको तस्विर प्रकाशन गर्न रोक लगाइएको छ । वैदेशिक रोजगारीमा जाने नेपालीको विप्रेषण बचत खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रतिखाता एक सय रूपैयाँसम्मको खर्च रकमलाई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट खर्च व्यहोर्न सकिने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले ब्याज आम्दानीको लेखाङ्कन गर्दा यस बैंकबाट जारी भएको 'Guideline on Recognition of Interest Income, 2019' बमोजिम गर्नुपर्ने व्यवस्था मिलाइएको छ । यस्तै, रु.तीन लाख सम्मको Credit Card कर्जा र संक्षिप्त प्रक्रिया पूरा गरी विद्युतीय माध्यमबाट स्वीकृत हुने रु.पाँच लाखसम्मको कर्जामा कर्जा सूचना लिन अनिवार्य हुने छैन । इजाजतपत्रप्राप्त संस्थाले कुनै पनि खाता खोल्नुपूर्व कर्जा सूचना केन्द्रको विवरणअनुसार निक्षेपकर्ता कालोसूचीमा नरहेको यकिन गरेर मात्र खाता खोल्नुपर्ने व्यवस्था मिलाइएको छ ।

पछिल्लो संशोधनमा शाखा कार्यालय खोल्नेसम्बन्धी व्यवस्थाबाट निष्क्रिय कर्जा अनुपातसम्बन्धी सर्तलाई हटाइएको छ । ब्याजदर प्रकाशन गर्दा ग्राहकमा कुनै किसिमको भ्रम सिर्जना नहुने गरी अनिवार्य रूपमा वार्षिक ब्याजदर प्रतिशत प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ । छ महिनाभन्दा कम अवधिको संस्थागत मुद्दती निक्षेप स्वीकार गर्न नपाइने व्यवस्था पछिल्लो संशोधनमा राखिएको छ । साथै, यस्तो मुद्दती निक्षेप छ महिना व्यतित हुनुअगावै कुनै पनि रकम भुक्तानी वा फिर्ता गर्न पाइने छैन ।

कृषि तथा ऊर्जा ऋणपत्रबाट सङ्कलित रकम ऋणपत्र जारी भएको मितिले तीन वर्षभित्र सम्बन्धित क्षेत्रमा कर्जा प्रवाह गरिसक्नुपर्ने व्यवस्था मिलाइएको छ । पुनर्संरचना र पुनरतालिकीकरणसम्बन्धी व्यवस्थामा परिमार्जन गरी थप व्यवस्थित बनाइएको छ ।

# उदयपुरको चौदण्डीगढीमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम'




गभर्नरको कार्यालयले माघ १२ गते उदयपुरको चौदण्डीगढी-६, बेलटारस्थित ज्योति माध्यमिक विद्यालयमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको हो । सो अवसरमा कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले खाता खोल्ने प्रक्रिया, बचत, कर्जासहित बैंकिङ कारोबारका आधारभूत पक्ष, ब्याज निर्धारण प्रक्रिया, विप्रेषण कारोबारलगायतका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले देशको वर्तमान आर्थिक अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमबारे संक्षिप्त चर्चा गर्नुभयो । विद्यार्थीहरूलाई बचतको निम्ति प्रोत्साहन गर्दै उहाँले वित्तीय सेवा, डिजिटल बैंकिङ, यसका सम्भावित जोखिमप्रति चनाखो रहनसमेत सुझाव दिनुभयो । सो अवसरमा गभर्नर अधिकारीले विद्यालयका प्रधानाध्यापक राजकुमार ओझालाई नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' र 'वित्तीय साक्षरता: सन्दर्भ पुस्तक' हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक मीना पाण्डे, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय जनप्रतिनिधि, विद्यालयका शिक्षक, कक्षा ११ र १२ का विद्यार्थी, सञ्चारकर्मी, अभिभावकलगायतको सहभागिता थियो । सो अवसरमा गभर्नर अधिकारीसँगै निर्देशकद्वय पाण्डे र पोखेलले सहभागीबाट वित्तीय क्षेत्रका सन्दर्भमा राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक ओझाले उक्त कार्यक्रम आयोजनाको निम्ति धन्यवाद प्रकट गर्दै कार्यक्रमले शिक्षक, अभिभावक र विद्यार्थीमा वित्तीय सेवाप्रति थप जागरुक बनाएको धारणा राख्नुभयो । गभर्नरको कार्यालयका उप-निर्देशक डा. रमेशप्रसाद चौलागाईंले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# इलाममा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्पन्न




गभर्नरको कार्यालयले माघ ६ गते इलाममा 'डिजिटल वित्तीय साक्षरता कार्यक्रम'आयोजना गऱ्यो। कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्केको सभापतित्वमा उक्त कार्यक्रम आयोजना गरिएको हो।

सो अवसरमा कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले वित्तीय जागरणको एक आयामका रूपमा डिजिटल वित्तीय साक्षरताको परिचय, उद्देश्य र महत्व, नेपालमा डिजिटल वित्तीय भुक्तानीका माध्यम, तिनको सुरक्षित प्रयोग, सुरक्षा जोखिम, डिजिटल वित्तीय साक्षरता प्रवर्द्धनमा नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्थाहरूको भूमिकालगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा इलाम उद्योग वाणिज्य संघ, कृषि ज्ञान केन्द्र, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी/व्यवसायी, सञ्चारकर्मी, शिक्षक, विद्यार्थी, कृषकलगायत ७० जनाको सहभागिता थियो। कार्यक्रममा सहभागीका तर्फबाट इलाम उद्योग वाणिज्य संघका महासचिव हेमन्त गौतम र कृषि विकास बैंक, इलामका शाखा प्रबन्धक सूर्य अधिकारी, कृषि ज्ञान केन्द्रका प्रमुख टोनी बर्देवालगायतले मन्तव्य राख्नुभएको थियो।

सो अवसरमा कार्यकारी निर्देशक डा. मास्केले समापन मन्तव्यको क्रममा यस कार्यक्रम बैंकले प्रतिनिधिमूलक स्थान इलाममा सञ्चालन गरेको र सो कार्यक्रम देशका सबै भूभाग र जनताका लागि आवश्यक रहेकोले बैंक तथा वित्तीय संस्थाले व्यापक रूपमा विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। भुक्तानी प्रणाली विभागका उप-निर्देशक प्रकाश राईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो। सो अवसरमा सहभागीबाट उठेका जिज्ञासाबारे उप-निर्देशकद्वय आचार्य र राईले जवाफ दिनुभएको थियो। गभर्नरको कार्यालयका सहायक निर्देशक धनञ्जय पराजुलीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# दोलखाको चरिकोटमा आर्थिक गतिविधि अध्ययनसम्बन्धी गोष्ठी



आर्थिक अनुसन्धान विभागले माघ २० गते दोलखाको चरिकोटमा आर्थिक गतिविधिसम्बन्धी गोष्ठी आयोजना गऱ्यो।

आर्थिक तथ्याङ्क उपलब्ध गराउने सरोकारवाला निकाय र संघ/संस्थाको सहभागितामा विभागले उक्त गोष्ठी आयोजना गरेको हो। कार्यक्रममा विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले नेपालको अर्थतन्त्रको समग्र स्थितिसँगै बागमती प्रदेशअन्तर्गतका जिल्लाका आर्थिक गतिविधिलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। यसै गरी, विभागका सहायक निर्देशक टीकाराम तिमिल्सिनाले गोष्ठीको औचित्यबारे प्रकाश पार्दै गतिविधि अध्ययन र यसको महत्वबारे जानकारी दिनुभयो।

कार्यक्रममा दोलखास्थित विभिन्न सरकारी निकाय, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी/व्यवसायी, स्थानीय बुद्धिजीवी, सञ्चारकर्मीसहित ४० जनाको सहभागिता थियो। आर्थिक अनुसन्धान विभागका सहायक निर्देशक प्रतिभा थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# बैंकिङ विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना



बैंकिङ विभागले माघ १५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा विभागका सहायक निर्देशक ओमशीला कार्कीले सरकारी कारोबारसँग सम्बन्धित विद्यमान कानुनी व्यवस्था, सरकारी कारोबारसम्बन्धी प्रक्रिया, सम्बद्ध बैंक र सरकारी निकायबीच देखिएका समस्या र समाधानका उपायबारे कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले बैंकिङ विभागमार्फत कानुनले तोकेबमोजिमका कार्यमध्ये सरकारको बैंक, बैंकहरूको बैंक, विदेशी विनिमय व्यवस्थापन र कतिपय अवस्थामा सरकारको वित्तीय एजेण्टको कार्यसमेत सम्पादन गरिरहेको उल्लेख गर्दै कर्मचारीहरूलाई उच्च मनोबलका साथ कार्यसम्पादन गर्न आग्रह गर्नुभयो। कार्यक्रममा विभागका सम्पूर्ण कर्मचारीको सहभागिता थियो।

कार्यक्रममा विभागका निर्देशक आनन्द पौड्यालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको आवश्यकताबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक सृजना बज्राचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

## अवकाश

आन्तरिक लेखापरीक्षण विभागका निर्देशक सुषमा रेग्मी रिजालले माघ ९ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। यसै गरी, विराटनगर कार्यालयका कार्यालय सहयोगी तृतीय मिलाप श्रेष्ठ र सिद्धार्थनगर कार्यालयका कार्यालय सहयोगी सुरेश दफालीले क्रमशः माघ ९ र २५ गतेदेखि अवकाश पाउनुभएको छ। उहाँहरूले ५८ वर्ष उमेर हदका कारण अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext .: १३९/१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
विद्या अधिकारी
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल